## १२८ औं कार्यपालिका बैठकका निर्णयहरू:

मिति : २०७९/०३/३० गते

निर्णय नं. १: १२७ औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयन अवस्थाको समिक्षा गरियो।

निर्णय नं. २: यस शुक्लाफाँटा नगरपालिकाको चालु आ. व. २०७८।०७९ मा निर्माणाधिन अवस्थामा रहेका देहायका योजनाहरूको ठेक्काको म्याद देहाय बमोजिमको अवधि सम्म थप गर्ने ।

**देहाय:**

क)

| योजनाको नाम | म्याद थप अवधी |
|---|---|
| वडा नं. २ वडा कार्यालय भवन | २०७९ साल असोज मसान्त सम्म |
| वडा नं. ९ वडा कार्यालय भवन | २०७९ साल मंसिर मसान्त सम्म |

ख) चालु आ. व. २०७८/०७९ संचालनमा रहेका वडा नं. ४ ढाणा देखी असैना सडक कालोपत्रे ठेक्का नं. SMP/078-79/NCB/17 र वडा नं. १० प्रगति टोल कालोपत्रे योजना SMP/078-79/NCB/15 प्रदेश सरकारबाट आगामि आ. व. २०७९/८० मा योजना तथा कार्यक्रम थप भएमा सोही ठेक्काहरूलाई २०७९ साल चैत्र मसान्त सम्म म्याद थप गर्ने ।

निर्णय नं. ३: नगर स्तरीय भूमिहीन तथा अव्यबस्थित बसोबासी व्यबस्थापन सहजीकरण समितिमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यबस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ उपदफा १ (घ) बमोजिम देहायका सदस्यहरूलाई मनोनित गर्ने।

(क) कार्यपालिका सदस्य श्री गणेश वि. क.

(ख) कार्यपालिका सदस्य श्री भूमा चन्द

निर्णय नं. ४: यस नगरपालिकाको आगामि आ. व. २०७९/०८० को लागि आन्तरिक श्रोत सम्वन्धि ठेक्काहरू सम्बन्धमा देहाय बमोजिम न्युनतम कबोल अङ्क कायम गरी ठेक्का आह्वान गर्ने।

देहायः

| सि. नं. | आन्तरिक श्रोतको विवरण | न्युनतम कबोल अङ्क रू. (भ्याट बाहेक) |
|---|---|---|
| १ | कवाड संकलन कर | ५,००,०००।- |
| २ | रोड शेष कर | ६,००,०००।- |
| ३ | विज्ञापन कर | २,००,०००।- |
| ४ | पशुचौपाया निकासि पैठारी कर | ५०,०००।- |

निर्णय नं. ५: यस शुक्लाफाँटा नगरपालिकामा स्थायी, करार तथा ज्यालादारी कर्मचारी व्यवस्थापनका लागि आवश्यक अध्ययन गरि १५ दिन भित्र प्रतिवेदन पेश गर्ने गरि देहाय बमोजिम समिति गठन गर्ने ।

क) अधिकृत श्री विष्णु प्रसाद खरेल — संयोजक

ख) अधिकृत श्री परमानन्द भट्ट — सदस्य

ग) अधिकृत श्री महेश राज पाण्डेय - सदस्य सचिव

निर्णय नं. ६: मिति २०७६/०१/२७ गते प्रकाशित शहरी विकास आयोजना अन्तरगत सामाजिक विकास अधिकृत पदको विज्ञापन नं. ०१/०७५/०७६ र वातावरण अधिकृत पदको विज्ञापन नं. ०२-०७५/०७६, र मिति २०७७/०५/१५ गते प्रकाशित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत प्राविधिक सहायक पदको विज्ञापन नं. ०१/२०७७/०७८ सम्बन्धमा देहाय बमोजिम गर्ने ।

क) विज्ञापन नं. ०१/०७५/०७६, ०२-०७५/०७६ र ०१/२०७७/०७८ अन्तरगत दरखास्त दिएका आवेदकहरूको आवेदन शुल्क फिर्ता दिई विज्ञापन रद्द गर्ने ।

ख) सामाजिक विकास अधिकृत र वातावरण अधिकृत पदहरूको पद पुर्तीका लागि क्षेत्रीय शहरी विकास आयोजना संग आवश्यक समन्वय गरी अग्रीम काम कारवाही गर्ने।

ग) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको प्राविधिक सहायक पदको पदपुर्तीको लागि पुनः विज्ञापन गर्ने ।

निर्णय प्रमाणित